मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

## राष्ट्रिय शिक्षा दिवस, २०८० को शुभकामना

"समावेशी र सिपमूलक शिक्षाः स्वदेशमै युवा राष्ट्रको इच्छा" भन्ने आदर्श वाक्यका साथ आज राष्ट्रिय शिक्षा दिवस मनाईंदैछ। राष्ट्रिय शिक्षा दिवसको अवसरमा सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ जारी भएको आजको दिनलाई राष्ट्रिय शिक्षा दिवसको रुपमा मनाउन थालिएको हो।

शिक्षा, गुणस्तरीय जीवन र गतिशिल समाज निर्माणको आधारशीला हो । शिक्षाको बहुआयामिक महत्वलाई आत्मसात गर्दै हाम्रो संविधानले शिक्षालाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक, प्रशासनिक र भौतिक पूर्वाधारको विकासको आधारशीलाका रूपमा लिइने शिक्षालाई विश्वभर मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने महत्त्वपूर्ण माध्यमका रूपमा स्वीकार गरिएको छ।

शिक्षालाई आम जनताको पहुँचमा पुर्याउन एकातिर सामुदायिक शिक्षा प्रणाली प्रभावकारी तवरले अघि बढाउनुपर्ने छ भने अर्कोतिर गुणस्तरीय, जीवनोपयोगी, व्यावसायिक र प्राविधिक शिक्षाको प्रवर्द्धन गर्दै समग्र विकासका लागि आवश्यक जनशक्ति मुलुकभित्रै उत्पादन गर्न जोड दिनुपर्ने स्थिति छ। युवा विद्यार्थी, अभिभावकहरुलाई स्वदेशमै गुणस्तरीय शिक्षा र रोजगारीको सुनिश्चितता प्रति विश्वास जगाउनु आजको आवश्यकता हो।

शिक्षाको माध्यमबाट नवप्रवर्तन र स्वरोजगारीलाई प्रवर्द्धन गर्दै शैक्षिक बेरोजगारको संख्या कम गर्ने तथा शिक्षालाई राष्ट्र, समाज र व्यक्तिको चौतर्फी विकासका लागि उपयोगी र सहयोगी हुने किसिमले प्रदेश सरकार अघि बढेको छ। प्रदेश सरकारले शिक्षाको गुणस्तर सुधार गर्दै नागरिकको सहज पहुँच सुनिश्चित गर्न विभिन्न कार्यक्रम कार्यान्वयन गरिरहेको छ।

अन्त्यमा, राष्ट्रिय शिक्षा दिवसले विद्यार्थी, शिक्षक, अभिभावक एवं शिक्षा सम्वद्ध सम्पूर्ण महानुभावहरुमा शिक्षाको लक्ष्य हाँसिल गर्ने दिशामा अघि बढ्न थप उत्साह मिलोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

धन्यवाद !

२०८०, असोज २

.........................

सुरेन्द्रराज पाण्डे
मुख्यमन्त्री